# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

प्रदेश नं. १, नेपाल

प.सं. ०७८/०७९

च.नं.: १६४६

मितिः२०७८।१०।११

विषयः सुरक्षित नागरिक आवास कार्यक्रमको लागि लाभग्राहीहरु सर्भे गरी विवरण पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सवै ।

केराबारी गाउँपालिका

प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास कार्यक्रमको लागि तपशिल बमोजिमको लक्षित वर्गको पहिचान र छनौटका आधार सहित सम्बन्धित वडामा सूचना गरी लाभग्राहीहरुको सर्भे विवरण ५ दिन भित्र पठाउनुहुन अनुरोध छ । साथै यसै पत्रसाथ सर्भे विवरण फारम, सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५, सम्झौता पत्र संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिलः-

लक्षित वर्गको पहिचान देहाय बमजिमको आधारमा गर्नुपर्नेछ ।

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीवाट सहजै प्रभाव हुन सक्ने अन्य सामाग्रीवाट छाएको ।

(ख) गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण ।

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण ।

ङ) प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस।

(च) गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस ।

**पुनश्चः विवरण पेश गर्दा घरमुलीले आफ्नो घर समेत देखिने गरीको फोटो विवरण पेश गर्नु पर्नेछ ।**

...........................

सुदर्शन दाहाल

प्रमुख प्रशासकीय अधिकृत